# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**हेकुली, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिका
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**प.सं. :- ०७७।०७८**
**च. नं.**

**मिति :२०७७।०८।२९**

## भवन निर्माणका लागि नक्सापास गर्ने तथा अभिलेख गर्न आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७.।०८।२९)**

नेपाल सरकारको राष्ट्रिय भवन संहिता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ को दफा २७ देखि दफा ४४ सम्मको व्यवस्था तथा यस दंगीशरण गाउँपालिकाको भवन निर्माण अनुमति तथा ईजाजत सम्बन्धी कार्यविधि,२०७७ को परिच्छेद-२ को दफा ३ बमोजिम हालसम्म गाउँपालिकामा निर्माण भएका तथा निर्माण हुने भवनहरुको भवन निर्माण अनुमति (नक्सा पास) तथा नक्सा डिजाईन स्वीकृत गर्नु पर्ने भएकोले भवन निर्माण भई सकेकाको हकमा भवन धनीले यो सूचना प्रकाशन भएको मितिले ६ महिना (१८० दिन) भित्र कार्यविधिले तोकेको प्रकृयापुरा गरी भवन निर्माण अनुमतिको अभिलेखीकरण गरी सक्नुहुन अनुरोध छ। साथै यसरी तोकिएको अवधि भित्र नक्सापास अभिलेख दरखास्त दिनुहुने भवन धनीहरुलाई दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा भएको नयाँ घर निर्माणको दरमा मात्र कर अशुली गरिने छ अन्यथा भएमा भवन निर्माण गरी सकेको दर लिई अभिलेख गरिने व्यहोरा समेत अनुरोध छ। नयाँ निर्माण हुने भवनको हकमा भवन निर्माण अनुमतिको प्रकृया पुरा गरेर मात्र भवन निर्माण गर्नुहुन सूचित गरिन्छ। अनुमति नलिई भवन निर्माण भएको पाईएमा प्रचलित नियमानुसार कारवाही गरी निर्माण कार्यमा रोक लगाईने व्यहोरा समेत अनुरोध छ।

**अभिलेख गर्नका लागि पेश गर्नु पर्ने कागजातहरु:**

(क) निर्माण भईसकेको नक्सा ( गा.पा. द्धारा तोकिएको ढाँचामा) न्युनतम-३ प्रति
(ख) जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपी- १ प्रति
ग) चा.लु आ.व.को सम्पतिकर/मालपोत तिरेको रसिदको प्रतिलीपी- १ प्रति
(घ) नेपाली नागरिकताको प्रमाण- पत्रको प्रतिलिपी-१ प्रति
(ङ) कित्ता नं. स्पष्ट भएको प्रमाणित नापी नक्सा-१ प्रति
(च) भवन नक्सा तयार गर्ने परामर्शदाता गाउँपालिकामा दर्ता भएको प्रमाण-पत्रको प्रलिलिपी-१ प्रति
छ) वारिस राखि अभिलेख गर्ने भएमा वारेशनामाको साथमा वारेशको नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी- १ प्रति
ज) पासपोर्ट साईजंको फोटो-१ प्रति
झ) जग्गा रजिष्ट्रेशन र तमसुकको प्रतिलिपी-१ प्रति
ञ) सम्बन्धीत वडा कार्यालयको सिफारिस-१ प्रति
ट) संरचनाको फोटो-१ प्रति

**नयाँ नक्सापास तथा निर्माण ईजाजतका लागि पेश गर्नु पर्ने कागजातहरु**

**क)** निर्माण गरिने भवनको नक्सा ( गा.पा. द्धारा तोकिएको ढाँचामा) न्युनतम-३ प्रति
ख) स्ट्रक्चर डिजाईन रिर्पोट न्युनतम-१ प्रति
ग) जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपी- १ प्रति
घ) चा.लु आ.व.को सम्पतिकर/मालपोत तिरेको रसिदको प्रतिलीपी- १ प्रति
ङ) नेपाली नागरिकताको प्रमाण- पत्रको प्रतिलिपी-१ प्रति

च) कित्ता नं. स्पष्ट भएको प्रमाणित नापी नक्सा-१ प्रति
छ) भवन नक्सा तयार गर्ने परामर्शदाता गाउँपालिकामा दर्ता भएको प्रमाण-पत्रको प्रलिलिपी-१ प्रति
ज) वारिस राखि अभिलेख गर्ने भएमा वारेशनामाको साथमा वारेशको नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी- १ प्रति
झ) पासपोर्ट साईजको फोटो-१ प्रति
ञ) जग्गा रजिष्ट्रेशन र तमसुकको प्रतिलिपी-१ प्रति
ट) भवन बनाउने सूचीकृत निर्माण कर्मी, निर्माण व्यवसायीको प्रतिवद्धता पत्र तथा प्रमाणपत्र-१ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**